# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ६) मुसिकोट,गुल्मी,पौष २५ गते,२०७९ साल(संख्याः७


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको घ वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७६ प्रथम संसोधन २०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी (प्रथम संसोधन ) कार्यविधि,२०८१

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६(यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले देहाय वमोजिम संसोधन गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी (प्रथम संसोधन ) कार्यविधि,२०८१" रहेको छ ।

(२)यो कार्यविधि नगरकार्यपालिकाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "मुल कार्यविधि" भन्नाले मुसिकोट नगरपालिका को 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ लाई सम्झनु पर्दछ ।

**३.मूल कार्यविधिको अनुसुची ५ को द्रष्टव्यको बुँदा नं. ५ मा संसोधनः**

मुसिकोट नगरपालिका को 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ अनुसुची ५ को द्रष्टव्यको बुँदा नं. ५ को सट्टा देहाय बमोजिमको बुँदा राखिएको छ ।

५.ट्रिपर/ट्याक्टर/भ्याकुलोडर (कुनै एक थान), मिक्सर (एक थान), Theodolite /Level Machine(एक सेट) भाडमा लिन सकिने छ । तर भाडा सम्झौता पेश गर्नुपर्ने छ ।

प्रमाणिकरण मिति
२०७९|९|२०

आज्ञाले,
विनोद कुँवर

प्रमुख प्रशासकीय अधिकृत
मुल्य रु.१०

मुसिकोट राजपत्र